# नेपाल क्लियरिङ्ग हाउस लि. को
## चौथो बार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस नेपाल क्लियरिङ्ग हाउस लि.का सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको सभापतित्वमा कम्पनीको चौथो साधारणसभा मिति २०७२/०६/२१ गते (तदनुसार अक्टोम्बर ८, २०१५) बिहिबार ११:३० बजे देखि १:३० बजे सम्म होटेल याक एण्ड यति, दरबारमार्ग, काठमाडौमा सुसम्पन्न भयो । चौथो साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपूरक संख्या, सभापतित्व, सभा संचालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

१. उपस्थिति:

**(क) सञ्चालकहरुको उपस्थिति:**

१) श्री राजन सिंह भण्डारी, अध्यक्ष
२) श्री शिव राज श्रेष्ठ, सञ्चालक
३) श्री ज्योति प्रकाश पाण्डे, सञ्चालक
४) श्री उपेन्द्र पौड्याल, सञ्चालक
५) श्री रबिन्द्र बहादुर मल्ल, सञ्चालक
६) श्री कृष्णराज लामिछाने, सञ्चालक
७) श्री सरोज काजी तुलाधर, सञ्चालक

**(ख) अन्य पदाधिकारीहरुको उपस्थिति:**

१) श्री नीलेश मान सिंह प्रधान, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव
२) श्री मुन्नी राजभण्डारी, अपरेशनस म्यानेजर
३) श्री डिल्ली मान शाक्य, इन्फ्रा/टेक्नोलोजि म्यानेजर
४) श्री विष्णु गौतम, सिस्टम म्यानेजर
५) श्री नविना ढुगांना, फाइनान्स/एडमिन अफिसर
६) श्री ज्ञानेन्द्र व. भारी, लेखापरीक्षक
७) श्री महेन्द्र कान्त मैनाली, कानूनी सल्लाहकार

**(ग) शेयरधनीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) उपस्थित शेयरधनीहरुको संख्या | ४४ | जना |
| २) शेयरको प्रतिनिधित्व संख्या | ९,८४,१९१ | कित्ता |
| ३) जम्मा शेयरधनी संख्या | ११४ | जना |
| ४) बाँडफाँड शेयर संख्या | १५,००,००० | कित्ता |
| ५) उपस्थिति शेयरधनीहरुको शेयर प्रतिनिधित्व प्रतिशत | ६५.६१ | प्रतिशत |

NEPAL CLEARING HOUSE

२. छलफलका बिषयहरु

क. *साधारण प्रस्ताव*

१. संचालक समितिको आ. व. २०७१/०७२ को प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षण प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तसम्मको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७१/०७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १० प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

४. आ.व. २०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (जी बि एण्ड कम्पनी पुन नियुक्त हुन योग्य रहनु भएको)

५. समूह 'ख-१' बाट प्रतिनिधित्व गर्ने सञ्चालकको पद पदावधिको बीचमा रिक्त भएकोमा संचालक समितिले सो रिक्त स्थानमा गरेको नियुक्तिलाई अनुमोदन गर्ने ।

६. सञ्चालकको बैठक भत्ता बृद्धि गर्ने बारे ।

ख. *विविध*

३. सूचना प्रकाशन

सञ्चालक समितिको मिति २०७२/०५/२८ मा बसेको ८६औं बैठकको निर्णय बमोजिम यस कम्पनीको चौथो साधारण सभा मिति २०७२/०६/२१ गते (तदनुसार अक्टोम्बर ८, २०१५) बिहिबारमा बस्ने सूचना, सभामा छलफल हुने बिषय तथा सोको विवरण शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७२/०५/३० र २०७२/०६/०६ गते राष्ट्रिय 'कारोबार दैनिक' पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो । सभा सम्बन्धी विवरणहरुको पत्राचार सम्बन्धित शेयरधनीहरुलाई गरिएको थियो साथै कम्पनीको website मा पनि उक्त विवरणहरु राखिएको थियो ।

४. गणपुरक संख्या

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ११४ | ४४ | ३८.६० |
| शेयर संख्या | १५,००,००० | ९,८४,१९१ | ६५.६१ |

५. सभाको बैधानिकता तथा सभापतित्व

सभा प्रारम्भ गर्ने क्रममा कम्पनी सचिवज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सभाका सभापति श्री राजन सिंह भण्डारीज्यूलाई वैधानिक प्रक्रिया पुरा भएकोले सभा संचालन गर्न अनुमतिको लागि अनुरोध गर्नुभयो ।

NEPAL CLEARING HOUSE

६. सभा संञ्चालन तथा मन्तव्य प्रस्तुति

कम्पनीका अध्यक्ष एवं सभाका सभापति श्री राजन सिंह भण्डारीज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिका तर्फबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो । तत्पश्चात सभापतिज्यूले सभा समक्ष प्रस्तावित बिषयहरु छलफलका लागि पेश गर्नुभयो ।

७. प्रस्ताव माथि छलफल तथा निर्णयहरु

(क) साधारण प्रस्ताव:

*(१) संचालक समितिको आ. व. २०७१/०७२ को प्रतिवेदन पारित गर्ने ।*

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको चौथो वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

*(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तसम्मको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७१/०७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।*

सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७१/०७२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

*(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १० प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।*

आ.व. २०७१/०७२ को नाफा तथा सन्चित मुनाफाबाट सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १० प्रतिशत नगद लाभांश (जम्मा रु १,५०,००,०००) माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

*(४) आ.व. २०७२/०७३ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।*

आ.व. २०७१/०७२ का लेखा परिक्षक श्री जी बि एण्ड कम्पनी पुन नियुक्त हुन योग्य रहनु भएकोले कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री जि.वि. एण्ड कम्पनीलाई आ.ब. २०७२/०७३ को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखा परीक्षण तथा कर लेखा परीक्षण समेत गर्नका लागि भ्याट तथा अन्य विविध खर्च वाहेक रु. ८०,०००/- पारिश्रमिक प्रदान गर्न सर्वसम्मतीबाट पारित गरियो ।

*(५) समूह 'ख-१' बाट प्रतिनिधित्व गर्ने सञ्चालकको पद, पदावधिको बीचमा रिक्त भएकोमा संचालक समितिले सो रिक्त स्थानमा गरेको नियुक्तिलाई अनुमोदन गर्ने ।*

श्री रत्न राज बज्राचार्य ज्यू (प्रतिनिधी ग्लोबल आईएमआई बैंक लिमिटेड) को सञ्चालक पद पदावधिको बीचमा रिक्त भएको अवस्थामा संचालक समितिले नियमावलीको दफा २७(४) अनुसार मिति २०७२।०२।२० देखि लागु हुने गरी बाँकि पदावधिको लागी सो रिक्त स्थानमा श्री उपेन्द्र

NEPAL CLEARING HOUSE

पौडेलज्यू (प्रतिनिधी एनएमबि बैंक लि.) लाई संचालक पदमा गरिएको मनोनयन माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

*(६) सञ्चालकको बैठक भत्ता बृद्धि गर्ने बारे ।*

कम्पनी नियमावलीको दफा ३२(१) बमोजिम संचालकले पाउने बैठक भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार हुने व्यवस्था रहेकोमा हाल कायम रहेको सञ्चालकको बैठक भत्ता रु २,५०० लाई वृद्धि गरी रु ५,००० गर्ने प्रस्ताव माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

उपरोक्त साधारण प्रस्तावहरुको छलफल पश्चात सभाका समापतिज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कुनै प्रश्न, जिज्ञासा वा सुझाव दिनको लागि अनुरोध गर्नुभयो । सोहि क्रममा शेयरधनी महानुभावहरुले उठाउनु भएका निम्न प्रश्न, जिज्ञासा तथा सुझावहरुमा अध्यक्षज्यूले देहाय बमोजिम जवाफ दिनुभयो ।

१. कम्पनीले सदस्य बैंक वित्तीय संस्थाहरुवाट लिदै आएको चेक क्लियरिङ्ग वापतको शुल्कमा हालै गरेको परिवर्तनले गर्दा बैंक वित्तीय संस्थाहरुलाई थप व्यय भार पर्ने हुन्छ ।

   उक्त जिज्ञासाको जवाफमा अध्यक्षज्यूले बैंक वित्तीय संस्थाहरुलाई थप व्यय भार पर्न सक्ने कुरामा कम्पनी सधै सजक रहेको जानकारी गराउनु भयो । चेक क्लियङ्गि वापत यस अघिको शुल्क २०११ मा कायम गरिएको र उक्त समयावधि सम्ममा कम्पनीको सञ्चालन खर्च, यू.एस. डलरको एक्सचेन्ज रेट लगायतका अन्य खर्चहरु उल्लेख्य रुपमा बृद्धि भएको हुँदा शुल्क बृद्धि गर्नु परेको हो । तर हाल बृद्धि गरिएको वार्षिक शुल्कमा केहि हदसम्म मात्र गरिएको र कारोबार शुल्क दुई लाख भन्दा माथिको चेक कारोबारमा मात्र गरिएको हुँदा उक्त लागत आफ्नो ग्राहकबाट लिन सकिने हुँदा बैक वित्तीय संस्थाहरुलाई उल्लेख्य व्यय भार नपर्ने जानकारी अध्यक्ष ज्यूले दिनुभयो ।

(ख) विविध :

नेपाल क्लियरिङ्ग हाउस लि. ले विद्युतीय माध्यमबाट चेक राफसाफ गर्न NCHL-ECC सिस्टम स्थापना गरि प्रयोगमा ल्याएको साढे तीन वर्ष भइसकेको अवस्थामा कम्पनीको उद्देश्यहरु बमोजिम अन्य भुक्तानी प्रणालीहरु समेतको विकास गरि सञ्चालनमा ल्याउन अन्तर बैंक भुक्तानी प्रणाली, NCHL-IPS, जडानको कार्ययोजना हाल कार्यान्वयन हुने क्रममा रहेको हुँदा उक्त परियोजनाको हालको कार्य प्रगति बारे कम्पनीका प्रमुख कार्यकारी अधिकृत ज्यूले सभामा जानकारी दिनु भयो । उक्त प्रणालीको जडान कार्य चालु आर्थिक बर्षमा सम्पन्न गर्ने योजना रहेकोमा हालसम्म करिब ४५% जति कार्य सम्पन्न भइसकेको जानकारी दिनु भयो । NCHL-IPS प्रणाली मार्फत सदस्य बैंक तथा वित्तीय संस्थाहरु बीच सिधै कारोबार गर्ने व्यवस्था रहने र Direct Debit र Direct Credit मार्फत सबै किसिमका अन्तरबैंक भुक्तानी कारोबारहरु NCHL-IPS प्रणालीबाट गर्न सकिने जानकारी दिनु भयो । साथै परियोजना कार्यान्वयन र पछि प्रणालीको सञ्चालनमा सहजिकरणको लागि NCHL को Project Team लगायत विभिन्न बैंक वित्तीय संस्थाहरुका प्रतिनिधिहरुलाई सकभर समावेश गरिएको समेत जानकारी दिनुभयो ।

NEPAL CLEARING HOUSE

८. धन्यवाद ज्ञापन:

अध्यक्ष ज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु एवं यस चौथो साधारण सभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिनु भयो र उपस्थित सम्पूर्ण महानुभावहरुलाई आँउदो वडा दशै २०७२ को शुभकामना व्यक्त गर्दै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ............................... | ............................... |
| नीलेश मान सिहं प्रधान | राजन सिंह भण्डारी |
| कम्पनी सचिव तथा | सभाका सभापति एवं |
| प्रमुख कार्यकारी अधिकृत | सञ्चालक समितिका अध्यक्ष |

नोट: कम्पनीको नियमावलीको दफा २६ मा व्यवस्था भए बमोजिम चौथो साधारण सभाको निर्णय विवरणको अभिलेख (माइन्युट) मा सभाको सभापति तथा कम्पनी सचिवले हस्ताक्षर गरिएको ।

NEPAL
CLEARING
HOUSE